# संघीय संसद
# प्रतिनिधि सभा
# विकास तथा प्रविधि समिति
## बैठक संख्या : १२४

मितिः २०७८/०४/३१

छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा नेपाल सरकार, शहरी विकास मन्त्रालयका सचिवले सिंहदरबारमा निर्माणाधीन संघीय संसद भवन, बालुवाटार स्थित प्रधानमन्त्री आवास, ललितपुर भैसेपाटीमा निर्माण भइरहेको संघीय मन्त्री निवास एवम् प्रदेश प्रमुख तथा मुख्यमन्त्री सम्पर्क कार्यालय र आवास भवनको निर्माण सम्बन्धमा हालसम्म भएको प्रगति विवरण प्रस्तुत गर्नु भई तत् पश्चात समितिबाट निर्माणाधीन संघीय संसद भवनको स्थलगत अवलोकन भ्रमण गरी देहाय बमोजिमको निर्णय भयो ।

१ कोभिड १९ को उच्च जोखिमको अवस्थामा पनि माथि उल्लेखित भवनहरुको निर्माण कार्यमा निरन्तर रुपमा काम गरिरहेका सम्पूर्ण मजदुरहरुलाई तत्काल कोभिड विरुद्धको खोप लगाउने व्यवस्था मिलाउन समिति नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देश गर्दछ ।

२ निर्माणाधीन संघीय संसद भवनलाई निर्धारित समयमा सम्पन्न गर्न आवश्यक पर्ने बजेट तत्काल उपलब्ध गराउन समिति नेपाल सरकार अर्थ मन्त्रालयलाई निर्देश गर्दछ ।

३ निर्माणाधीन अवस्थामा रहेको संघीय संसद भवन निर्माणका लागि उपलब्ध गराईएको जग्गा सुनिश्चित गरी कार्यान्वयन गर्न समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई निर्देश गर्दछ ।

४ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

(ओमबहादुर कार्की)
समिति सचिव

(कल्याणी कुमारी खड्का)
सभापति